आज मिति २०८० साल जेठ २६ गते तदनुसार ( June 9, 2023) शुक्रवार मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा तपसिल बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ज्ञानेन्द्र रुम्दाली | अध्यक्ष | |
| श्री आश्राचन राई | उपाध्यक्ष | |
| श्री राज कुमार रुम्दाली | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राममणी राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री जितेन्द्र राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु बहादुर तामाङ्ग | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राम कुमार राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री हेमराज राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु प्रसाद गौतम | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री भीम वहादुर बलम्पाकी मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री पूर्ण बहादुर मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री कृष्ण कुमारी राई | कार्यपालिका सदस्य | |
| श्री गोमा कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| श्री वाल कुमारी पुलामी | कार्यपालिका सदस्य | |
| श्री विमला के.शी. | कार्यपालिका सदस्य | |
| श्री युवराज नेपाली | कार्यपालिका सदस्य | |
| श्री छविलाल राई | प्र.प्र.अ./ सचिव | |

आमन्त्रित उपस्थिति: हस्ताक्षर

१.श्री गायत्री प्रसाद दाहाल ६ नं. वडा कार्यवाहक वडाध्यक्ष -

२.श्री यम कुमारी राई, ३ नं. वडा कार्यवाहक वडाध्यक्ष -

३. श्री दिपकराज पोखरेल, ५ नं. वडा कार्यवाहक वडाध्यक्ष -

४.श्री विपिन कार्की, सूचना प्रविधि अधिकृत -

५.श्री दिलकुमार मगर, कार्यालय सहयोगी -

CamScanner

२०८० जेठ २६ गते तदनुसार June 9, 2023 शुक्रवारको बैठकमा पेश भएका कार्यसूचीहरु :

१. स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको एकपटकको लागि एक तहबृद्धि सम्बन्धी कार्यविधि सम्बन्धमा ।
२. महिला स्वास्थ्य स्वयं सेविवाहरुको अवकास सम्बन्धमा ।
३. आर्थिक सहायता सम्बन्धमा ।

२०८० साल जेठ २६ गते शुक्रवारको बैठकका निर्णयहरु:

निर्णय नं.१: निजामती सेवा, संघीय लोकसेवाबाट सिफारिस र अन्य सेवाबाट स्थानीय तहमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुको एक पटकका लागि एक तह वृद्धि सम्वन्धमा "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ८ को उपदफा १६ को प्रावधान कार्यान्वयन गर्नको लाग "मानेभन्ज्याङ गाउँपालिकामा कार्यरत कर्मचारीहरुको एक पटकको लागि एक तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०" आजको कार्यपालिका बैठकबाट छलफल गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.२: यस मानेभन्ज्याङ गाउँपालिकामा स्वास्थ्य स्वयंसेविकाको रुपमा काम गरिरहनुभएका दिदीबहिनीहरुलाई नेपाल सरकारबाट सेवा सुविधा नहुने तर पनि स्वास्थ्य सेवामा उहाँहरुले दिनुभएको योगदानको कदर अवकास हुँदाको बखत तपसिल अनुसार सुविधा/रकम उपलब्ध गराउने निर्णय गरियो । सो सुविधा आ.व. २०७९/८० को गाउँसभाबाट विनियोजन भएको वजेट महिला स्वास्थ्य स्वयंसेविका निवृत्तिभरण कोषबाट खर्च गरिनेछ ।

तपसिल:

- उमेर ५८ वर्ष कटेका अनिवार्य अवकाश गर्ने र महिला स्वास्थ्य स्वयं सेविकासँगै अन्यत्र कुनै पनि संस्था/निकायमा जागिर खाइरहेकाहरु (दोहोरो) भएकाको लागि अवकास दिइ एकमुष्ठ रुपमा रु.७०,०००/- अक्षरुपी सत्तरी हजार मात्र उपलब्ध गराउने ।
- उमेर ६० कटेका स्वयं सेविकाहरुको लागि नेपाल सरकारबाट २० हजार सुविधा प्राप्त गर्ने भएको हुँदा पालिकाबाट ५० हजार उपलब्ध गराउने ।
- कम्तिमा १० वर्ष पूरा गरेका स्वयं सेविकाहरुले स्वैच्छिक रुपमा छाडेमा एकमुष्ठ रुपमा रु.७० हजार उपलब्ध गराउने ।

निर्णय नं.३: यस मानेभन्ज्याङ गाउँपालिका वडा नं. ५ ओखरबोट निवासी मदन सिं पुलामीको छोरा वर्ष ५७ को टेक बहादुर पुलामी मगरको कुखुरा लगायत अन्य सर सामानहरु आगलागी भइ पूर्ण रुपमा क्षति भएको हुँदा यस पालिकाबाट राहत स्वरुप आर्थिक सहयोग रु.१५०००/- अक्षरेपी पन्ध्र हजार मात्र उपलब्ध गराउने निर्णय गरियो । त्यस्तै यस गाउँपालिकाको वडा नं. ४ निवासी श्री गंगाराम खत्रीको छोरा श्री महेश खत्रीको घर वर्षा र हावाहुरीको कारण भत्केको हुनाले निजलाई रु १०,०००/- अक्षरुपी दश हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner